# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
www.kankrebihar.com
राष्ट्रिय दैनिक






राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८५ | शनिवार, ५ वैशाख, २०८३ | Saturday, 18 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


### बाँधबिनै बिजुली उत्पादन

# कर्णालीमा नयाँ प्रविधिको परीक्षणले ऊर्जा क्षेत्रमा आशा जगायो



**काँक्रेविहार संवाददाता**
सुर्खेत, ४ वैशाख

नेपालमा जलविद्युत विकासको परम्परागत मोडेल नदीको बहाव रोक्ने, बाँध (ड्याम) निर्माण गर्ने र पहाड छिचोलेर सुरुङमार्फत पानी खसालेर विद्युत उत्पादन गर्नेमा केन्द्रित रहँदै आएको छ। दशकौँदेखि यही विधि प्रयोग हुँदै आएको भए पनि प्रविधिको विकाससँगै अब ऊर्जा उत्पादनका वैकल्पिक र वातावरणमैत्री उपायहरू खोजिन थालेका छन् । यसै सन्दर्भमा कर्णाली नदीमा बिना बाँध, बिना सुरुङ र बिना वातावरणीय क्षति बिजुली निकाल्ने नयाँ प्रविधिको परीक्षण सुरु भएको छ।

सुदूरपश्चिमको कैलाली र कर्णाली प्रदेशको सुर्खेतको सीमामा बग्ने कर्णाली नदीमा 'हाइड्रोकाइनेटिक' प्रविधि प्रयोग गरी विद्युत उत्पादन गर्ने परीक्षण भइरहेको हो। यो नेपालमै पहिलो पटक प्रयोग हुन लागेको प्रविधि हो, जसले नदीको प्राकृतिक बहावलाई कुनै अवरोध नगरी पानीको गतिबाट टर्बाइन घुमाएर विद्युत उत्पादन गर्छ।

यो परियोजनाअन्तर्गत करिब १ सय किलोवाट क्षमताको विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ। सामान्य भाषामा बुझ्दा, जसरी हावाको गतिले पंखा घुम्छ, त्यस्तै नदीको बगिरहेको पानीको गतिले पानीमुनि जडान गरिएको टर्बाइन घुमाउँछ र त्यसबाट बिजुली उत्पादन हुन्छ। यसमा नदीको दिशा परिवर्तन गर्नुपर्दैन, न त पानी थुन्नुपर्ने हुन्छ।

परियोजनाको प्राविधिक संरचना पनि रोचक छ। बिजुली उत्पादनका लागि प्रयोग गरिने डुंगाशैलीका दुई ठूला संरचना रुपन्देहीको बुटवलमा निर्माण गरिएका हुन्। मेघा हाइड्रो एण्ड इन्जिनियरिङले यी संरचनाहरू तयार पारेर ट्रकमार्फत कैलालीको मोहन्याल गाउँपालिका-७, साँफ बसेरी पुऱ्याएको हो। अहिले कर्णाली नदीको बगरमा ती संरचनाहरू जडान गर्ने, टर्बाइन फिट गर्ने र परीक्षणको अन्तिम तयारी गर्ने काम भइरहेको छ।

परियोजनामा संलग्न इन्जिनियर अम्बिकाप्रसाद बस्यालका अनुसार यो प्रविधिले नदीको प्राकृतिक स्वरूपमा कुनै असर गर्दैन। "हामीले न नदीको बहाव रोक्छौं, न त त्यसलाई अन्यत्र मोड्छौं। नदीको बीचमा तैरिने संरचना राखेर त्यसमा टर्बाइन जडान गरिन्छ, उनले भने। उनका अनुसार संरचनालाई बलियो फलामे साङ्लाले जमिनमा गाडिएका पिलरमा बाँधेर स्थिर राखिन्छ।

वर्षायाममा आउने बाढीबारे पनि विशेष ध्यान दिइएको छ। यी संरचनाहरू तैरिने खालका भएकाले पानीको सतह बढ्दा आफैँ माथि उठ्ने र घट्दा तल बस्ने बनाइएको छ। यसले गर्दा बाढीका समयमा पनि संरचना सुरक्षित रहने प्राविधिकहरूको विश्वास छ। सामान्य बालुवा, ढुंगा आदिले यसमा खास असर नपर्ने तर ठूलो रुखजस्ता वस्तुबाट भने सावधानी अपनाउनुपर्ने उनीहरू बताउँछन्।

यो परियोजनामा अन्तर्राष्ट्रिय सहकार्य पनि रहेको छ। बेलायत सरकारको 'इन्नोभेट यूके' कार्यक्रमको लगानीमा यो परीक्षण भइरहेको हो भने बेलायतको एकलस इनर्जीले प्राविधिक डिजाइन उपलब्ध गराएको छ। नेपालको तर्फबाट मेघा हाइड्रो एण्ड इन्जिनियरिङले निर्माण र जडानको जिम्मा लिएको छ।

परियोजनाको लक्ष्य वर्षायाम सुरु हुनुअघि नै परीक्षण सम्पन्न गरी विद्युत उत्पादन सुरु गर्नु रहेको छ। यदि यो परीक्षण सफल भयो भने नेपालका अन्य तीव्र बहाव भएका नदीहरूमा पनि यस्ता साना-साना परियोजना विस्तार गर्न सकिने सम्भावना खुल्नेछ। विशेषगरी दुर्गम क्षेत्रमा, जहाँ राष्ट्रिय प्रसारण लाइन पुग्न कठिन छ वा ठूलो जलविद्युत आयोजना सम्भव छैन, त्यस्ता स्थानका लागि यो प्रविधि निकै उपयोगी हुन सक्छ। सानो लागत, छिटो निर्माण र न्यून वातावरणीय प्रभावका कारण यो प्रविधि भविष्यको ऊर्जा समाधानका रूपमा हेरिएको छ।

नेपालमा जलविद्युत उत्पादनको ठूलो सम्भावना भए पनि ठूला आयोजना ढिलो निर्माण, उच्च लागत र वातावरणीय विवादका कारण चुनौतीमा परिरहेका छन्। यस्तो अवस्थामा कर्णालीमा भइरहेको यो सानो तर प्रभावकारी परीक्षणले ऊर्जा क्षेत्रमा नयाँ सोच र बहस सुरु गराएको छ। यदि सफल भयो भने कर्णालीको बगिरहेको पानी अब केवल बगर कटान गर्ने माध्यम मात्र रहने छैन, बरु त्यसैको गतिले गाउँ-गाउँमा उज्यालो पुऱ्याउने स्रोत बन्नेछ। ऊर्जा विज्ञहरूका अनुसार यसले नेपालका कोशी, गण्डकी र कर्णालीजस्ता ठूला नदीहरूलाई 'खुला ऊर्जा स्रोत'का रूपमा उपयोग गर्ने नयाँ ढोका खोल्न सक्छ। अहिले कर्णाली किनारमा भइरहेको यो परीक्षणलाई ऊर्जा क्षेत्रका जानकारहरूले चासोका साथ हेरिरहेका छन्। यो प्रयास सफल भएमा नेपाली इन्जिनियरिङ र ऊर्जा क्षेत्रमा नयाँ युगको सुरुवात हुने विश्वास गरिएको छ।

### एमाले-नेकपा एकता :

# आलोचनात्मक चेत राख्ने नेकपा नेताहरूको असहमति



**काँक्रेविहार संवाददाता**
काठमाडौं, ४ वैशाख

पछिल्लो समय नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच पुनः सुरु भएको एकताको विषयले दुवै पार्टी पङ्क्तिमा तरंग सिर्जना गरेको छ। तर, विगतमा एकता भएर विभाजित भएका यी दुई पार्टीबीच पुनः एकताबारे भने आलोचनात्मक चेत राख्ने दुवैतर्फका केही नेताहरू खासै उत्साहित छैनन्।

नेकपाका केन्द्रीय सदस्य तथा चर्चित युवा नेता लेखनाथ न्यौपानले 'बाम एकता मौसम कि बेमौसम ?' प्रश्न गरेका छन्। उनले सत्य संगठन र संख्याको सत्यले निर्धारण नगर्ने तर्क गरेका छन्। 'जतिबेलासम्म आफूभित्रको भ्रमलाई पार्टीमा सत्य ठानेर निर्णय गराउँछौँ त्यतिबेलासम्म हामीलाई कुनै अस्त्रले बचाउन सक्दैन, जस्तो पार्टी एकता, ध्रुवीकरण, पार्टी प्रवेश, आदि, आदि', उनले भनेका छन्, 'सत्य संगठन र संख्याको सत्यले निर्धारण गर्दैन, भन्ने आत्मस्वीकृति चाहिएको छ आज, हामी तयार छौं कि छैनौं ?'

उनले आजको सन्दर्भमा आफ्नो सान्दर्भिकता सकिएको छ कि छैन भन्ने सोचेर सच्याउन सकेमा उज्यालो सम्भावना अझै बाँकी भएको तर, त्यसो नभएमा अन्तिम विघटनको सुरुङमा पछिल्लो पुस्तालाई नहुल्न उनले अनुरोध गरेका छन्।

नेकपाका अर्का नेता रामदीप आचार्यले जुन चेतनाबाट संकट पैदा भयो त्यही चेतनाबाट समाधान आउँदैन कि ? भनेर प्रश्न गरेका छन्। उनले संकट सिङ्गो प्रणालीमा भएको र निकास खुद्रा खुद्रामा खोज्दा सिंहको डरले भाग्न खोज्दा दलदलमा फसेको राँगोजस्तो हुन्छ कि ? भनेर पनि प्रश्न गरेका छन्।

त्यस्तै, नेकपाका अर्का नेता शिव कोइरालाले अहिलेको नेतृत्वको ठूलो संख्या कार्यकारी जिम्मेवारीबाट नै बाहिरिनुपर्ने भन्दै त्यसो नगरी हुने एकताले उपलब्धि नदिने बताएका छन्। उनले ५५ वर्ष मुनिका नेताको नेतृत्वमा पार्टी बनाउन माग गरेका छन्।

'कम्तिमा एक सय जना अग्रजहरूले सल्लाहाकारको रूपमा जिम्मेवारी नलिने हो भने, जुनसुकै एकता गरे पनि हातमा लाग्ने शून्य नै हो', उनले भनेका छन्, 'बरु पहिलो पटक नेता ले जो भन्छन उसैको नेतृत्वमा एकता गरौं तर ५५ मुनिका को नेतृत्वमा पार्टी बनाऔँ।'

## निःशुल्क जलन उपचार शिविर : १९४ जना लाभान्वित

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ४ वैशाख

प्रदेश अस्पताल सुर्खेतमा सञ्चालित 'नबिल निःशुल्क जलन उपचार शिविर' मार्फत १९४ जनाले उपचार तथा परामर्श सेवा प्राप्त गरेका छन्। प्रादेशिक अस्पताल सुर्खेत र नबिल बैंकको संयुक्त आयोजना तथा फेक्ट नेपालको प्राविधिक सहयोगमा गत चैत्र २७ देखि तीन दिनसम्म शिविर आयोजना गरिएको थियो। शिविरमा आएका ३९ जना बिरामीको वरिष्ठ चिकित्सकद्वारा शल्यक्रिया गरिएको बैंकले जनाएको छ। जटिल किसिमका एक जना बिरामीलाई काठमाडौँको कीर्तिपुरस्थित कीर्तिपुर अस्पतालमा रिफर गरिएको छ। शिविरमा लामो समयदेखि उचित उपचार तथा शल्यक्रियाको पर्खाइमा रहेका र आर्थिक अवस्था कमजोर भएका बिरामीहरुले निःशुल्क उपचार पाएका थिए।


## कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सरकारी अस्पतालमा पनि सातामा दुई दिन बिदा

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ४ वैशाख

अस्पतालहरूमा पनि हप्ताको दुई दिन बिदा हुने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विज्ञप्ती जारी गरी शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय सरकारी अस्पतालहरूमा पनि लागू हुने जानकारी दिएको हो।

सोही अनुसार अब सरकारी अस्पतालहरुमा शनिबार र आइतबार बिदा हुने भएको छ। बिदाका दिन अस्पतालमा बहिरंग (ओपिडी) सेवा बन्द हुन्छ। आकस्मिक तथा अत्यावश्यक सेवाहरू २४ घण्टा सञ्चालनमा रहने मन्त्रालयले जनाएको छ।

'नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार २०८२ चैत २२ गते राजपत्रमा प्रकाशित सूचनाबमोजिम शनिबार र आइतबार दुई दिन



सार्वजनिक बिदा दिने व्यवस्था लागू गरिएको छ,' मन्त्रालयले विज्ञप्तीमार्फत भनेको छ। उक्त निर्णयका कारण स्वास्थ्य सेवामा पर्न सक्ने प्रभावलाई ध्यानमा राख्दै अस्पतालहरूले सेवा निरन्तर सञ्चालन गर्ने गरी तयारी गरिएको पनि मन्त्रालयले जानकारी दिएको छ। बिदाका दिनमा बिरामीले कुनै समस्या भोग्न नपरोस् भन्ने उद्देश्यले नजिकका उपयुक्त अस्पतालमा सहज रूपमा रेफर गर्ने तथा एम्बुलेन्स सेवा तयारी अवस्थामा राख्न समेत मन्त्रालयले अनुरोध गरेको छ।

यसैगरी, सर्वसाधारणलाई उपलब्ध सेवासम्बन्धी जानकारी अस्पतालका वेबसाइट तथा सूचना प्रणालीमार्फत उपलब्ध गराउन पनि मन्त्रालयले निर्देशन दिएको छ।

मन्त्रालयले अस्पताल सुधार कार्यविधि, २०८२ को पूर्ण कार्यान्वयन गर्दै आगामी दिनमा संगठन तथा व्यवस्थापन सम्पन्न भएपछि स्वास्थ्य सेवालाई थप सुदृढ र प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरेको छ।

# शनिवार

# खण्डहर कारखाना ब्युँझाएर स्वाधीन अर्थतन्त्र थालौँ




कुनै समय थियो- जब काठमाडौँको बालाजु यन्त्रशालाले निर्माण गरेका जलविद्युत् टर्बाइनहरू विदेशी भूमिमा निर्यात हुन्थे । नेपालको जलविद्युत् प्रविधि र इन्जिनियरिङले विश्व बजारमा आफ्नो सानदार उपस्थिति जनाएको त्यो युग, आज एकादेशको कथा बनेको छ। आज त्यही देश, जसले टर्बाइन बेच्थ्यो, सियोदेखि मेसिनरी र चामलदेखि चिनीसम्म आयात गरेर बाँचेको छ।

गोरखकाली रबर उद्योगका मेसिनहरूमा खिया लागेको छ, बुटवल धागो कारखाना माकुराको जालोमा बेरिएको छ र नेपाल टिम्बर कर्पोरेसन जङ्गलको काठ कुहाएर विदेशी काठको आयात हेरिरहेको छ।

तर, इतिहासको यो वियोगान्त अध्यायलाई अब नोस्टाल्जिया वा निराशाको भाष्यमा मात्र सीमित राख्ने छुट नयाँ पुस्तालाई छैन। 'सिर्जनात्मक विनाश' को अर्थशास्त्रीय सिद्धान्तअनुसार यी जीर्ण संरचनालाई भत्काएर वा रूपान्तरण गरेर मात्र नयाँ औद्योगिक क्रान्तिको जग बसाल्न सकिन्छ। विश्वका कैयौँ गरिब र युद्धले थिलथिलो भएका देशले यस्तै निष्क्रिय मृत पुँजी ब्युँझाएर आफ्नो देश निर्माण गरेका छन्। नेपालको औद्योगिक पुनर्जागरणका लागि बन्द र रुग्ण उद्योगको नयाँ मोडेल, नीति, वित्तीय व्यवस्थापन र गुणस्तर नियन्त्रणको विस्तृत एवं ऐतिहासिक 'ब्लुप्रिन्ट' प्रस्तुत गरिएको छ।

विश्वका कैयौँ गरिब र युद्धले थिलथिलो भएका देशले यस्तै निष्क्रिय मृत पुँजी ब्युँझाएर आफ्नो देश निर्माण गरेका छन्।

खरानीबाट यसरी उठ्छ अर्थतन्त्र

हामीले रुग्ण उद्योग कसरी चलाउने भनेर सिक्न युरोप वा अमेरिका हेर्नुपर्दैन। हाम्रै जस्तो नियति भोगेका तर दूरदर्शी नेतृत्वले कायापलट गरेका देशहरू हेरे पुग्छ। भियतनामको 'दोई मोई' मोडेल १९८० को दशकमा चरम भोकमरी र गरिबीमा थियो। त्यहाँका सरकारी उद्योगहरू नेपालका जस्तै घाटामा थिए र राजनीतिको अखडा बनेका थिए। तर, १९८६ मा 'दोई मोई' आर्थिक नवीकरण नीति लागू गरेर भियतनामले सरकारी उद्योगलाई 'इक्विटाइजेसन' गर्‍यो। राज्यले पूर्वाधार राख्ने र व्यवस्थापन निजी क्षेत्रलाई दिने यो नीतिले आज भियतनाम विश्वको ' म्यानुफ्याक्चरिङ हब' बनेको छ।

रुवान्डाको कृषि र औद्योगिक क्रान्ति सन् १९९४ को नरसंहारपछि ध्वस्त भएको रुवान्डाले आफ्ना चिया र कफी बगानहरू, जुन सरकारी स्वामित्वमा खण्डहर बनेका थिए, तिनैलाई विश्वव्यापी ब्रान्डिङ गर्‍यो। राज्यले गुणस्तर नियन्त्रण आफैँसँग राख्यो तर उत्पादन र बजार निजी क्षेत्रलाई दियो। आज रुवान्डा अफ्रिकाको सबैभन्दा तीव्र र सुशासित अर्थतन्त्र बन्न सफल भएको छ।

रूपान्तरणको रणनीति : कुन उद्योगलाई कसरी सिफ्ट गर्ने ?

हिजो जे उत्पादन हुन्थ्यो, आज त्यही उत्पादन गरेर यी उद्योगहरू टिक्न सक्दैनन्। बजार, प्रविधि र भूराजनीति बदलिइसकेको छ। अबको रणनीति तुलनात्मक लाभ (कम्प्यारेटिभ एडभान्टेज) र आयात प्रतिस्थापनमा केन्द्रित हुनुपर्छ।

इन्जिनियरिङ र हेभी इन्डस्ट्रिज

बालाजु यन्त्रशाला : यसलाई परम्परागत मेसिनरीबाट 'अपग्रेड' गरी 'नेपाल एडभान्स्ड इन्जिनियरिङ एन्ड इनोभेसन हब' मा रूपान्तरण गर्नुपर्छ। अब यसको उत्पादन जलविद्युत् आयोजनाका अत्याधुनिक टर्बाइन, विद्युतीय सवारी (ईभी) का ब्याट्री एसेम्बलिङ, ईभी कन्भर्सन र चार्जिङ स्टेसनका उपकरणहरू उत्पादनतर्फ केन्द्रित हुनुपर्छ।

सिमेन्ट उद्योग : नेपाल सिमेन्टमा आत्मनिर्भर भइसकेको छ। अब यी सरकारी उद्योगलाई 'ग्रिन सिमेन्ट' (कम कार्बन उत्सर्जन गर्ने) उत्पादनमा केन्द्रित गरी भारतको उत्तर प्रदेश र बिहारलगायत अन्य देशका मेगा प्रोजेक्टहरूमा निर्यात गर्ने विज्ञ युनिट बनाउनुपर्छ।

अटोमोबाइल र प्रविधि :

गोरखकाली रबर उद्योग : पेट्रोल गाडीका टायर उत्पादन गरेर एमआरएफ वा सिएटसँग प्रतिस्पर्धा गर्न कठिन हुन सक्छ। गोरखकालीलाई अब विद्युतीय सवारीका लागि आवश्यक पर्ने 'साइलेन्ट टायर', पुराना टायर तथा लिथियम ब्याट्री रिसाइक्लिङ गर्ने दक्षिण एसियाकै प्रमुख 'सर्कुलर इकोनोमी प्लान्ट' मा रूपान्तरण गर्नुपर्छ।

कृषि, जडीबुटी र वन पैदावार :

लुम्बिनी चिनी र कृषि उद्योग : चिनी मिललाई केवल चिनीमा सीमित नराखी 'इन्टिग्रेटेड एग्रो पार्क' बनाउनुपर्छ। उखुबाट चिनी, उखुको खोस्टाबाट बायो-इथानोल (जुन पेट्रोलमा मिसाउन सकिन्छ) र विद्युत् उत्पादन गर्ने आधुनिक 'बायो-रिफाइनरी' मोडेल अपनाउनुपर्छ। यसले अर्बौंको इन्धन र चिनी आयात प्रतिस्थापन गर्छ।

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी : नेपालले काँचो जडीबुटी भारतलाई कौडीको भाउमा बेचेर फेरि त्यहीँबाट महँगो औषधि किन्छ। यो कम्पनीलाई 'नेपाल बोटानिकल एन्ड फर्मास्युटिकल कर्पोरेसन' मा बदलेर उच्च हिमाली जडीबुटीको सुगन्धित तेल उत्पादन गरी सीधै युरोप र अमेरिकाको कस्मेटिक र मेडिसिन बजारमा बेच्ने उच्चस्तरीय उद्योग बनाउन सकिन्छ।

नेपाल टिम्बर कर्पोरेसन : काठ कुहाएर राख्ने यो संस्थालाई 'सस्टेनेबल फरेस्ट्री एन्ड उड इन्जिनियरिङ' मा बदल्नुपर्छ। विदेशी प्लाईउड आयात पूर्ण बन्द गरी स्वदेशी काठबाट उच्च गुणस्तरका फर्निचर र प्रिफ्याब घरहरू निर्माण गर्ने उद्योग चलाउनुपर्छ।

बुटवल धागो र कपडा उद्योग :

सुतीको धागो वा कपडामा चीन वा बङ्गलादेशसँग प्रतिस्पर्धा असम्भवप्रायः छ। यसलाई 'टेक्निकल टेक्सटाइल' मा सिफ्ट गर्नुपर्छ। जस्तैः अस्पतालका लागि आवश्यक मेडिकल ग्रेडको कपडा, सुरक्षाकर्मीका लागि फायर प्रुफ र बुलेटप्रुफ भेस्टका कच्चा पदार्थ, हाइकिङ र ट्रेकिङका लागि आवश्यक वेदर-प्रुफ गार्मेन्ट वा स्कुल ड्रेस उत्पादनमा केन्द्रित हुनुपर्छ।

व्यापारिक मोडेल र वित्तीय व्यवस्थापन

यी उद्योगहरू फेरि सरकारले कर्मचारी भर्ना गरेर चलाउने होइन। राज्यको काम व्यापार गर्ने होइन, व्यापारको वातावरण बनाउने हो।

राज्यको गोल्डेन सेयर : सरकारले उद्योगको जग्गा र भौतिक पूर्वाधारलाई पुँजी मानेर ५१ प्रतिशत स्वामित्व राख्नेछ। तर, व्यवस्थापन, प्रविधि र दैनिक सञ्चालनको १०० प्रतिशत अधिकार ग्लोबल टेन्डरमार्फत उत्कृष्ट निजी कम्पनी (स्वदेशी वा विदेशी) लाई दिइनेछ। राज्यले केवल 'गोल्डेन सेयर' राख्छ, जसले राष्ट्रिय हितविपरीतका निर्णयमा मात्र 'भिटो' प्रयोग गर्छ, दैनिक काममा हस्तक्षेप गर्दैन।

डाइनामिक क्यापिटल र डायस्पोरा बन्ड : यी उद्योगको आधुनिकीकरण गर्न पैसा कहाँबाट ल्याउने ? सरकारले 'नेपाल इन्डस्ट्रियल डेभलपमेन्ट फन्ड' खडा गरी विदेशमा रहेका नेपालीलाई लक्षित गर्दै 'डायस्पोरा इन्डस्ट्रियल बन्ड' जारी गर्नुपर्छ। रेमिट्यान्सको पैसा अनुत्पादक क्षेत्रमा जानुको सट्टा सीधै यी उद्योगहरूको सेयरमा लगानी हुनेछ। यसले गर्दा खाडीमा पसिना बगाउने नेपाली यी उद्योगहरूको मालिक बन्नेछन् र उत्पादनको उपभोग पनि बढ्नेछ।

गुणस्तर नियन्त्रण र हिमालयन स्ट्यान्डर्ड

निर्यातमुखी उद्योग र आयात प्रतिस्थापनका लागि सबैभन्दा महत्त्वपूर्ण हतियार गुणस्तर हो। नेपालको गुणस्तर चिह्नलाई मात्र अन्तर्राष्ट्रिय बजारले सहजै पत्याउँदैन। तसर्थ, स्विजरल्यान्ड वा जर्मनीका एक्रिडेसन एजेन्सीहरूसँग सम्झौता गरी नेपालमै 'ग्लोबल स्ट्यान्डर्ड ल्याब' स्थापना गर्नुपर्छ।

नेपालको जडीबुटी, चिया वा कृषि उत्पादनलाई अर्गानिक र 'हिमालयन ब्रान्डिङ' गरेर युरोपेली युनियन र अमेरिकी बजारको मापदण्डअनुसार प्याकेजिङ गर्नुपर्छ।

'हिमालयन ब्रान्डिङ' : नेपालको जडीबुटी, चिया वा कृषि उत्पादनलाई अर्गानिक र 'हिमालयन ब्रान्डिङ' गरेर युरोपेली युनियन र अमेरिकी बजारको मापदण्डअनुसार प्याकेजिङ गर्नुपर्छ। गुणस्तरमा सम्झौता गर्ने उद्योगको लाइसेन्स तत्काल खारेज गर्ने शून्य सहनशील नीति लागू गर्नुपर्छ।

नीतिगत र कानुनी 'शल्यक्रिया'

दलीय ट्रेड युनियनको खारेजी : रुग्ण उद्योगहरू बन्द हुनुको प्रमुख कारण राजनीतिक दलका भ्रातृ सङ्गठनहरूको दादागिरी र हडताल, उदारीकरणको नाममा उद्योगको चीरहरण र चन्दा आतङ्क थियो। अब पुनरुत्थान गरिएका उद्योगहरूलाई विशेष आर्थिक क्षेत्र (सेज) वा अत्यावश्यक सेवा क्षेत्र घोषणा गरिनुपर्छ। त्यहाँभित्र कुनै पनि राजनीतिक युनियन खोल्न, हडताल गर्न वा तालाबन्दी गर्न गैरकानुनी र फौजदारी अपराध मानिने कानुन संसद्बाटै पारित गर्नुपर्छ।

'नो वर्क, नो पे' र मेरिटोक्रेसी : कर्मचारीको ज्याला राजनीतिक पहुँचका आधारमा होइन, उत्पादन र कार्यक्षमताका आधारमा तय गरिनुपर्छ।

एन्टी-डम्पिङ ल : स्वदेशी उद्योगले उत्पादन सुरु गरेपछि विदेशी कम्पनीहरूले सस्तोमा सामान फालेर स्वदेशी उद्योगलाई मार्न खोज्छन्। यसलाई रोक्न सरकारले कठोर 'एन्टी डम्पिङ ड्युटी' र 'सेफगार्ड मेजर' तत्काल लागू गर्नुपर्छ।

निष्कर्ष

कुनै पनि राष्ट्रको वास्तविक सार्वभौमसत्ता उसको सिमानाका पिलरहरूमा मात्र होइन, कारखानाका चिम्नी र उत्पादनका रेखाहरूमा अडिएको हुन्छ। नेपालले आजसम्म आयातीत वस्तुहरू उपभोग गरेर र युवाहरूको श्रम निर्यात गरेर आफूलाई स्वतन्त्र मान्ने भ्रम मात्र पालेको छ। जबसम्म हामीले हाम्रा बन्द कारखानाका चिम्नीहरूबाट फेरि धुवाँ उडाउँदैनौँ र 'मेड इन नेपाल' लेखिएका टर्बाइन, औषधि र विद्युतीय उपकरण विश्व बजारमा पठाउँदैनौँ, तबसम्म हाम्रो अर्थतन्त्र परजीवी नै रहिरहनेछ।

पुराना शासकले उद्योगहरूलाई भोट बैंक र भर्ना केन्द्र बनाएर चिहानमा पुर्‍याए। तर, अबको नयाँ नेतृत्व र नीतिले ती चिहान खनेर 'सिर्जनात्मक विनाश' मार्फत एक्काइसौँ शताब्दी सुहाउँदो औद्योगिकीकरणको महाप्रस्थान थाल्नैपर्छ। यो राष्ट्रको अस्तित्व रक्षाको अन्तिम विकल्प हो।

# रगतले लेखिएको अन्तर्राष्ट्रिय किसान आन्दोलनको इतिहास



बलराम बास्कोटा

अप्रिल १७ लाई अन्तर्राष्ट्रिय किसान संघर्ष दिवसका रूपमा मनाउने गरिन्छ। यो दिन ब्राजिलको एल्डोराडो दो काराजासमा सन् १९९६ मा भएको प्रतिक्रियावादी सरकारले गरेको नरसंहारको प्रतिरोधका रूपमा स्मरण गरिन्छ। यस दिन ब्राजिलका भूमिहीन कृषि मजदुर आन्दोलन (एमएसटी) का १९ किसानहरू प्रहरी हिंसामा मारिएका थिए। सोही हप्ता मेक्सिकोको टलाक्सकालामा भएको अन्तर्राष्ट्रिय किसान संघ अर्थात् स्पेनिस भाषामा भनिने ला भिया क्याम्पेसिनाको दोस्रो अन्तर ाष्ट्रिय सम्मेलनले यस दिनलाई अन्तर्राष्ट्रिय किसान सङ्घर्ष दिवस मनाउने घोषणा गर्‍यो।

सोही अनुरूप आज अर्थात् अप्रिल १७ का दिन विश्वभर अन्तर्राष्ट्रिय किसान संघर्ष दिवस मनाइन्छ।

१७ अप्रिल १९९६ मा ब्राजिलको पारा राज्यमा आफ्नो अधिकारका लागि शान्तिपूर्ण प्रदर्शन गरिरहेका किसानहरूमाथि राज्यले बर्बर दमन गर्‍यो। १९ जना किसान योद्धाको घटनास्थलमै हत्या भयो। यो घटनाले विश्वभरका किसानहरूलाई स्तब्ध बनायो र ला भिया क्याम्पेसिनाको नेतृत्वमा अप्रिल १७ लाई ' अन्तर्राष्ट्रिय किसान संघर्ष दिवस' घोषणा गरियो।

वामपन्थी राजनीतिको दृष्टिकोणबाट हेर्दा, यो दमन कुनै संयोग थिएन। यो त पुँजीवादी राज्यसत्ताले श्रमिक र उत्पादक वर्गमाथि गर्ने स्थायी चरित्रको दमनको निरन्तरता थियो। जमिनको स्वामित्व मुठीभर जमिन्दार र बहुराष्ट्रिय कम्पनीको हातमा सुम्पने र वास्तविक जोताहालाई विस्थापित गर्ने पुँजीवादी रणनीति विरुद्धको त्यो पहिलो संगठित अन्तर्राष्ट्रिय प्रतिरोधको बिगुल फुकिएको दिन थियो।

अझ किसान र किसान संघको दृष्टिकोणबाट हेर्दा, यो दिन केवल एउटा सम्झनाको दिन मात्र नभई उत्पीडन विरुद्धको प्रतिरोध, पुँजीवादी शोषण विरुद्धको संघर्ष र साम्राज्यवादी हस्तक्षेप विरुद्धको एकताको दिनका रूपमा स्थापित छ। यो आलेखमा दक्षिण एसियाली किसान आन्दोलनहरूलाई यसै अन्तर्राष्ट्रिय सन्दर्भमा उन्ने क्रममा वामपन्थी दृष्टिविन्दुबाट विश्लेषण गर्ने प्रयत्न गरिनेछ।

नवउदारवाद र ला भिया क्याम्पेसिना

अन्तर्राष्ट्रिय किसान आन्दोलनलाई एकीकृत र सशक्त बनाउने श्रेय ला भिया क्याम्पेसिनालाई नै जान्छ। सन् १९९३ मा बेल्जियममा स्थापना भएको यो संगठनले विश्वका ८१ भन्दा बढी देशका करोडौँ किसानलाई एउटै छातामुनि ल्याएको छ।

यस आन्दोलनले अघि सारेको मुख्य अवधारणा 'खाद्य सम्प्रभुता' हो। विश्व व्यापार संगठन (डब्ल्युटिओ) र बहुराष्ट्रिय कम्पनीहरूले कृषि क्षेत्रलाई केवल मुनाफाको वस्तु बनाएपछि किसानहरूले 'हाम्रो उत्पादन हाम्रो खाना हाम्रो निर्णय' भन्ने नारा बुलन्द गरे। खाद्य सम्प्रभुताले किसानहरूलाई कुन बीउ रोप्ने, कस्तो प्रविधि प्रयोग गर्ने र आफ्नो उत्पादन कसरी वितरण गर्ने भन्ने पूर्ण अधिकार उत्पादक शक्तिलाई नै हुनुपर्छ भन्ने मान्यता राख्छ।

सन् १९९० को दशकपछि विश्वभरि हाबी भएको नवउदारवादी अर्थतन्त्रले कृषि क्षेत्रलाई सबैभन्दा बढी प्रहार गर्‍यो। डब्ल्युटिओ र विश्व बैंक जस्ता संस्थाहरूले 'बजारको स्वतन्त्रता' का नाममा अनुदान कटौती गर्न लगाएर साना किसानहरूलाई विश्व व्यापार संगठनभित्र कैद गर्ने व्यर्थको प्रयास गरे। कृषि मुनाफाको वस्तु होइन बरु यो आवश्यकताको वस्तु हो भन्ने मान्यताका साथ किसान आन्दोलनले यसलाई जनस्तरबाट खाद्य सम्प्रभुताको आन्दोलनसँग जोड्यो।

कोरियाका किसान नेता लि क्युंग हेले विश्व व्यापार संगठनले गर्दा विश्वभरका किसान तथा मछुवाहरूको रोजीरोटी जोखिममा परेको ठहर गर्दै मेक्सिकोको कानकुनमा भएको विश्व व्यापार सम्मेलन कक्ष बाहिर सुरक्षा बारमा चढेर आत्मदाह गरे। उनले आत्मदाह गर्नुको सन्देश 'विश्व व्यापार संगठनले किसान मार्छ र म मरे पनि विश्वभरका अन्य किसान डब्ल्युटिओको शोषणकारी नीति विरुद्ध संघर्ष गरून्' भन्ने थियो। उनको आत्महत्या विश्वभरका किसानहरूका लागि प्रेरणाको स्रोत बन्यो।

किसान आन्दोलन र वर्ग संघर्ष

मार्क्सवादी परम्परामा किसान आन्दोलनको विश्लेषण गर्दा दुईवटा प्रवृत्ति देखिन्छन्। एकातिर, मार्क्सले किसानहरूलाई 'आलुको बोरा' सँग तुलना गर्दै उनीहरूको राजनीतिक चेतना र संगठनात्मक क्षमतामाथि प्रश्न उठाएका थिए भने अर्कातिर, लेनिन, माओ जस्ता विचारकहरूले किसानहरूलाई क्रान्तिको प्रमुख शक्तिका रूपमा स्थापित गरे।

यसरी किसान संघर्षको इतिहास सामन्तवाद विरुद्धको विद्रोहबाट सुरु भएको हो। मध्यकालीन युरोपको 'पिजेन्ट्स रिभोल्ट' (१३८१) होस् वा नेपालको भीमदत्त पन्तको किसान विद्रोह, यी सबैको मूल जड जमिनमाथिको स्वामित्व र न्यायोचित वितरण नै थियो। १९औँ र २०औँ शताब्दीमा औद्योगिक पुँजीवादको उदयसँगै किसानहरूको समस्याले नयाँ मोड लियो। कृषिको व्यापारीकरण, मुनाफाकरण र बजारमा बिचौलियाहरूको प्रभुत्व बढ्न थाल्यो। यसले गर्दा साना किसानहरू आफ्नै माटोबाट विस्थापित हुने प्रक्रिया सुरु भयो।

ल्याटिन अमेरिका, अफ्रिका र एसियाका विभिन्न मुलुकहरूमा औपनिवेशिक शासनकालमा किसानहरूलाई नगदेबाली लगाउन बाध्य पारियो, जसले गर्दा स्थानीय खाद्य सुरक्षा संकट देखा पर्‍यो र भोकमरीको बीजारोपण भयो दक्षिण एसियाका किसान आन्दोलनहरूले सामन्तवाद, उपनिवेशवाद र पुँजीवाद तीनवटै शक्तिहरू विरुद्ध संघर्ष गरेका छन्। भारतको तेलङ्गाना (१९४६-५२) र नक्सलबाडी (१९६७-७१) आन्दोलनहरू यसका ऐतिहासिक उदाहरण हुन्। यी आन्दोलनहरूले जमिनको स्वामित्व, सामन्ती उत्पीडन र पुँजीवादी शोषण विरुद्ध संगठित संघर्षको जग बसाले। नवउदारवादको उदयसँगै ला भिया क्याम्पेसिना किसान आन्दोलनको अन्तर ाष्ट्रियवादको नमुना भएको छ। ला भिया क्याम्पेसिनाले किसान आन्दोलनलाई अन्तर्राष्ट्रिय स्तरमा संगठित गर्ने नयाँ मोडेल प्रस्तुत गर्‍यो।

यो संगठनले खाद्य सार्वभौमसत्ताको अवधारणालाई केन्द्रमा राख्यो, जसले खाद्य उत्पादनलाई व्यापारको वस्तु नभई जनताको मौलिक अधिकारका रूपमा परिभाषित गर्‍यो। ला भिया क्याम्पेसिनामा ल्याटिन अमेरिकी देशका सशक्त किसान संगठनहरू सदस्य हुनु, युरोप र उत्तर अमेरिकी किसान आन्दोलनसँगको निकटता र समन्वय हुनु, एसिया र अफ्रिकाका किसान आन्दोलनसँग जोडिनुका कारणले पनि यसले विश्व किसान आन्दोलनलाई नेतृत्व प्रदान गर्न सक्षम भएको छ।

ला भिया क्याम्पेसिनाको अनुभवले दक्षिण एसियाली किसान आन्दोलनलाई पनि धेरै महत्त्वपूर्ण पाठ सिकाएको छ। अझ ब्राजिलको एमएसटीको फ्लोरेस्तान फर्नान्डिस राष्ट्रिय विद्यालयले हजारौँ एसियाली किसान कार्यकर्ताहरूलाई राजनीतिक प्रशिक्षण दिएको छ, जहाँ ल्याटिन अमेरिका र विश्वका विभिन्न देशका किसानहरू सहभागी हुन्छन्।

**दक्षिण एसियाली किसान आन्दोलन**

दक्षिण एसियामा किसान आन्दोलनको इतिहास उपनिवेशवाद विरुद्धको संघर्षबाट सुरु भएको देखिन्छ। पाकिस्तानको फैसलाबाद (तत्कालीन लायलपुर) मा सन् १९०७ मा भएको 'पगडी सम्भाल जट्टा' आन्दोलन यसको प्रमुख उदाहरण हो। यो आन्दोलन ब्रिटिस उपनिवेशवादी भूमि कानुनहरू- डोआब बारी ऐन, पञ्जाब भूमि उपनिवेशीकरण ऐन र पञ्जाब भूमि विस्थापन ऐन विरुद्ध थियो।

# विपद् पूर्वतयारी तीव्र, प्रतिकार्य योजना बनाइँदै



काँक्रेविहार संवाददाता
जुम्ला, ४ वैशाख

जुम्लाका स्थानीय तहहरू प्राकृतिक तथा गैर-प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विपद् पूर्वतयारीमा सक्रिय भएका छन् । राहत, उद्धार तथा पुनर्स्थापनालाई प्रभावकारी बनाउन जिल्लाका सबै आठ पालिकाले तयारी तीव्र पारेका हुन् ।

नयाँ सरकारको निर्देशनअनुसार सम्भावित विपद् जोखिमबाट नागरिकलाई सुरक्षित राख्न पूर्वतयारीलाई थप मजबुत बनाइएको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले बताए ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका उनले पालिकास्तरमा प्रतिकार्य योजना निर्माण, उद्धार सामग्री व्यवस्थापन र समन्वयलाई प्रभावकारी बनाउन निरन्तर छलफल भइरहेको जानकारी दिए । जिल्ला विपद् व्यवस्थापन समितिको हालै सम्पन्न बैठकले विपद् पूर्वतयारी सुदृढ बनाउन १३ बुँदे निर्णय गरेको छ ।

बैठकमा जिल्लाका सबै पालिका प्रमुख तथा प्रतिनिधि र विषयगत कार्यालयहरूको सहभागिता थियो । सबै सरोकारवालाले विपद् व्यवस्थापनमा साझा प्रतिबद्धता व्यक्त गरेका छन् ।

निर्णयअनुसार आठै पालिकाले आवश्यक उद्धार सामग्री खरिद गर्ने, प्रतिकार्य योजना तयार गर्ने तथा प्रत्येक वडामा २५ जना सामुदायिक उद्धारकर्ता तयार गर्ने भएका छन् ।

साथै, आधारभूत तहको पाठ्यक्रममा विपद् शिक्षा समावेश गर्ने, सिंजा क्षेत्रमा सुरक्षा बेस स्थापना गर्ने र विपद् कोषलाई सक्रिय बनाउने निर्णय गरिएको छ । त्यसैगरी, सुरक्षाको निगरानीसहित विपद् गोदाम घर निर्माण गर्ने, प्राथमिक उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग समन्वय गर्ने, गैरसरकारी संस्थाका विपद् कार्यक्रमलाई एकद्वार प्रणालीमार्फत सञ्चालन गर्ने र नदीजन्य वस्तुको अवैध उत्खनन रोक्ने तथा व्यवस्थित गर्ने नीति बनाउने निर्णय पनि गरिएको छ ।

बैठकमा सशस्त्र प्रहरीका एसपी देवबहादुर बोहोराले जिल्लाको विपद् अवस्था र कानुनी व्यवस्थाबारे प्रस्तुति दिएका थिए । चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायतले विपद् व्यवस्थापन कुनै एक निकायको मात्र जिम्मेवारी नभई सबैको साझा प्रयास आवश्यक हुने बताए ।

त्यस्तै, गाउँपालिका राष्ट्रिय महासंघका केन्द्रीय सदस्य पूर्णप्रसाद धितालले २०७९ सालको विनाशकारी बाढी-पहिरो जस्ता घटनाबाट पाठ सिक्दै पूर्वतयारीलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए । सरकार, सुरक्षा निकाय र सरोकारवाला संस्थाबीचको समन्वयलाई बलियो बनाउँदै पूर्वसूचना, तत्काल जनशक्ति परिचालन, राहत, उद्धार र पुनर्स्थापनालाई छिटो र प्रभावकारी बनाउनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् ।

# दुर्गम बस्तीमा आशा बनेकी स्वास्थ्यकर्मी शाही

काँक्रेविहार संवाददाता
मुगु, ४ वैशाख



जिल्लाको सोरू गाउँपालिका-४ की स्वास्थ्यकर्मी सरिताकुमारी शाही गरिब तथा विपन्न वर्गका सुत्केरीको सेवामा समर्पित हुँदै आएकि छन् । उनी टोल-टोलमै पुगेर सुत्केरी सेवा प्रदान गर्दै आउनुभएको देखेर स्थानीयवासी समेत प्रभावित भएका छन् ।

सोरू गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख चित्र धामीका अनुसार भौगोलिक विकटता र यातायातको अभावका कारण दुर्गम बस्तीका सुत्केरीलाई सेवा दिन चुनौतीपूर्ण भए पनि शाही जोखिमपूर्ण अवस्थामा रहेका गर्भवती महिलाको ज्यान बचाउन दिनरात खटिरहेकी छन् । उनका अनुसार सोरू गाउँपालिकाको सिपगाउँस्थित बर्थिङ सेन्टरमा कार्यरत अनमी शाहीको सेवा अनुकरणीय रहेको छ ।

उनि विगत छ वर्षदेखि सोही बर्थिङ सेन्टरमा कार्यरत रहँदै गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको स्याहारमा निरन्तर संलग्न हुन् । हिमाली तथा दुर्गम क्षेत्रमा भरपर्दो प्रसूति सेवाको अभावले जोखिममा पर्ने महिलाहरूको ज्यान सुरक्षित बनाउन उनको योगदान महत्वपूर्ण रहेको स्थानीयवासी बताउँछन् ।

सोरू गाउँपालिका-९ की गहुँकलानाथ योगीका अनुसार सीमित स्रोतसाधन र जनशक्ति अभावका बाबजुद शाहीले सुरक्षित प्रसूति सेवा प्रदान गर्दै आएकी छन् । त्यसैगरी सोरू गाउँपालिका-८, सिपगाउँका वडा सदस्य गोविन्दा विष्टले भने पहिले यहाँका गर्भवती महिलाले सुत्केरी हुँदा अकालमै ज्यान गुमाउँथे, तर अहिले सरिता म्याडमको सेवाले धेरै आमा र बच्चाको ज्यान जोगिएको छ ।

अनमी सरिताकुमारी शाहीले आफूले सिकेको सिप प्रयोग गरेर गर्भवतीलाई सुरक्षित प्रसूति गराउन सहयोग गर्दै आएको बताइन् । साथै, उनले सुत्केरी सम्बन्धी परामर्शसमेत दिने गरेकि छन । रातिको समयमा दुर्गम बस्तीमा पुगेर सेवा दिनुपर्ने हुँदा कहिले काहीँ समयमै पुग्न कठिनाइ हुने उनको भनाइ छ ।

उनका अनुसार अहिले बर्थिङ सेन्टरमा नियमित सेवा लिन आउने गर्भवती महिलाको सङ्ख्या पनि बढ्दै गएको छ । स्वास्थ्य कार्यालयका अनुसार चालु आर्थिक वर्षमा चार सय ६९ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन् भने करिब एक हजार दुइ सय जना गर्भवतीलाई स्वास्थ्य जाँच तथा परामर्श सेवा प्रदान गरिएको छ ।

# कालिकोटमा पनि आर्थिक गणना सुरू

काँक्रेविहार संवाददाता
कालीकोट, ४ वैशाख

नेपाल सरकारले सुरु गरेको राष्ट्रिय आर्थिक गणना २०८३ कालीकोट जिल्लामा पनि औपचारिक रूपमा सुरु भएको छ । गणनाका लागि नियुक्त गणक तथा सुपरिवेक्षकहरू सम्बन्धित क्षेत्रमा पुगिसकेका छन् र जिल्लाका सबै नौ वटा पालिकामा गाउँ-गाउँसम्म पुगेर तथ्यांक सङ्कलन कार्य अघि बढाइएको छ । यो गणना अभियानले मुलुकको औद्योगिक तथा समग्र आर्थिक अवस्थाको यथार्थ चित्र प्रस्तुत गर्ने उद्देश्य राखेको छ ।

त्यसैले सबै सरोकारवालालाई आवश्यक सहयोग गर्न अनुरोध गरिएको छ । गणनाका क्रममा उद्योग, व्यापार, सेवा, सहकारी, निजी तथा सार्वजनिक संस्थानहरू लगायत आर्थिक क्षेत्रसँग सम्बन्धित १८ विभिन्न पक्षका आधारभूत विवरणहरू सङ्कलन गरिनेछ । यस अभियानअन्तर्गत दर्ता भएका तथा नभएका साना-ठूला व्यवसाय, रोजगारी सिर्जना गर्ने प्रतिष्ठानहरू, स्वरोजगारमा आधारित काम, उद्योग-कलकारखाना, गैरसरकारी संस्था, सरकारी निकाय, विद्यालय, अस्पताल जस्ता संस्थाहरूको विस्तृत विवरण लिइनेछ ।

'अर्थतन्त्रको मापनका लागि आर्थिक गणना' भन्ने नारासहित सञ्चालन गरिएको यस अभियानबाट कालीकोटका पालिका र वडा



तहसम्म रहेका संस्थाहरूको संख्या, तिनको अवस्था, रोजगारीमा संलग्न जनशक्ति तथा वैधानिक अवस्थाबारे महत्वपूर्ण तथ्यांक प्राप्त हुने अपेक्षा गरिएको छ ।

जिल्ला आर्थिक गणना कार्यालय कालीकोटका अधिकारी वसन्त रजौरेका अनुसार वैशाख २ गतेदेखि नै गणक तथा सुपरिवेक्षकहरू फिल्डमा खटिएका छन् । खाँडाचक्र नगरपालिकामा ४ जना, तिलागुफा र रास्कोट नगरपालिकामा २-२ जना, शुभकालिका, नरहरिनाथ, पचालझरना र पलाँता गाउँपालिकामा दुई दुई जना तथा महावै र सान्नीत्रिवेणी गाउँपालिकामा १-१ जना गणक परिचालन गरिएको छ ।

कार्यालयले गणनामा संलग्न गणकहरूलाई सही र यथार्थ जानकारी उपलब्ध गराई राष्ट्रिय अभियानलाई सफल बनाउन सबैलाई सहयोग गर्न आग्रह गरेको छ । यसअघि नेपालमा २०७५ सालमा राष्ट्रिय आर्थिक गणना सम्पन्न गरिएको थियो ।

# अरूवा मोटो चामलको मूल्य घट्यो



काँक्रेविहार संवाददाता
हुम्ला, ४ वैशाख

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बिक्री गर्दै आएको अरुवा मोटो चामलको मूल्य घटाएको छ । नयाँ वर्षको अवसरमा उपभोक्तालाई राहत दिने उद्देश्यले कम्पनीले मूल्य समायोजन गरेको हो । हुम्ला शाखाका प्रमुख कृष्ण थापामगरका अनुसार ढुवानी अनुदान अन्तर्गत उपलब्ध चामलमा प्रतिकेजी पाँच रुपैयाँले मूल्य घटाइएको छ ।

अब उक्त चामल प्रतिकेजी ५१ रुपैयाँमा उपलब्ध भइरहेको छ, जुन यसअघि ५६ रुपैयाँमा बिक्री हुँदै आएको थियो । कम्पनीले २५ केजीको एक बोरा चामल एक हजार दुई सय ७५ रुपैयाँमा बिक्री सुरु गरेको जनाएको छ । शाखाले हाल अरुवा मोटो सादा तथा पोषणयुक्त (पोषण तत्व मिसाइएको) चामल बिक्री गर्दै आएको छ, र दुवै प्रकारमा नयाँ मूल्य लागू गरिएको छ ।

हाल शाखाको गोदाममा करिब दुई हजार क्विन्टल चामल मौज्दात रहेको छ । घटेको मूल्य बिहीबारदेखि लागू भई बिक्री सुरु गरिएको छ । साथै, सर्केगार्ड गाउँपालिकाको सर्केगार्ड डिपो र अदानचुली गाउँपालिकाको श्रीनगर डिपोबाट पनि सोही दरमा चामल उपलब्ध गराइने जनाइएको छ । कम्पनीले अन्य खाद्यान्नको मूल्य भने यथावत रहेको जानकारी दिएको छ ।

# अन्तरपालिका लोक दोहोरी प्रतियोगिता हुँदै

काँक्रेविहार संवाददाता
सल्यान, ४ वैशाख

जिल्लाको मौलिक कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले सल्यानमा लोक दोहोरी गीत प्रतियोगिता आयोजना गरिने भएको छ ।

प्रतियोगिता वैशाख छ देखि १० गतेसम्म श्रीनगरस्थित आधुनिक बसपार्कमा सञ्चालन हुनेछ । शारदा नगरपालिकाको आयोजना तथा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, सल्यान शाखाको सहजीकरणमा हुने प्रतियोगितामा प्रथम हुने समूहलाई ५० हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिनेछ ।

द्वितीय र तृतीय स्थान हासिल गर्ने समूहले क्रमशः ४० हजार र ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने सान्त्वना पुरस्कारस्वरूप २० हजार रुपैयाँ प्रदान गरिनेछ । व्यक्तिगततर्फ उत्कृष्ट महिला र पुरुष कलाकारलाई जनही दुइ हजार पाँच सय रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले जानकारी दिए ।

प्रतियोगितामा जिल्ला भित्रका सबै स्थानीय तहबाट सहभागिता जनाउन सकिनेछ। प्रत्येक पालिकाबाट बढीमा दुई समूहले मात्र भाग लिन पाउनेछन् र प्रत्येक समूहमा अनिवार्य रूपमा एक महिला र एक पुरुष कलाकार समावेश हुनुपर्नेछ ।

राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यावसायिक कलाकारहरूलाई भने प्रतियोगितामा सहभागी नगराइने आयोजकले स्पष्ट पारेको छ । यस प्रतियोगिताले लोक दोहोरी परम्पराको संरक्षण, नयाँ प्रतिभाको पहिचान र स्थानीय कलाकारलाई प्रोत्साहन गर्ने विश्वास लिइएको छ । यसअघि वैशाख १ गतेका लागि तय गरिएको कार्यक्रम प्राविधिक कारणले वैशाख ६ गतेदेखि सुरु हुनेगरी मिति परिवर्तन गरिएको हो ।

# सडक अतिक्रमणलाई हटाईदै

काँक्रेविहार संवाददाता
बुटवल, ४ वैशाख



बुटवल उपमहानगरपालिकाले बजार क्षेत्रमा बढ्दै गएको सडक अतिक्रमण नियन्त्रण गर्न डोजर प्रयोग गर्दै अभियान सुरु गरेको छ । सडक पेटीमा जथाभाबी व्यापार बढेपछि पैदल यात्रु र सवारी आवागमनमा समस्या बढ्दै गएको भन्दै यो कदम चालिएको हो ।

उपमहानगर प्रमुख खेलर ाज पाण्डेका अनुसार फुटपाथ अतिक्रमणका कारण हिँडडुलमा कठिनाइ हुनुका साथै दुर्घटनाको जोखिम समेत बढेपछि व्यवस्थित बजार व्यवस्थापनका लागि अभियान सञ्चालन गरिएको हो । बुधबार अपराह्नदेखि उपमहानगर पालिकाको नेतृत्वमा विभिन्न संघ-संस्था, व्यवसायी तथा सरो कारवालाबीच सहमति जुटाउँदै अव्यवस्थित व्यापार हटाउने निर्णय गरिएको थियो ।

यसअघि माइकिङमार्फत सूचना जारी गरी फुटपाथ खाली गर्न आग्रह गरिए पनि अटेर भएपछि कारबाहीस्वरूप डोजर चलाइएको जनाइएको छ । पहिलो चरणमा ठेला तथा फुटपाथ व्यापार हटाउने काम भइरहेको छ भने दोस्रो चरणमा सडकमा छाडा छोडिएका चौ पाया नियन्त्रण गर्ने योजना रहेको उपमहानगरपालिकाले जनाएको छ ।

बुधबार साँझ बुटवल अस्पताल लाइन क्षेत्रमा फुटपाथ अतिक्रमण गरी बनाइएका संर चना हटाइएको छ । उपमहानगर प्रमुख पाण्डेले कसैप्रति पक्षपात नगरी सडक अतिक्रमण पूर्ण रूपमा हटाइने र सहरलाई खुला तथा व्यवस्थित बनाइने बताए ।

स्थानीयवासीहरूले यस अभियानलाई सकारात्मक रूपमा लिएका छन् । उपमहानगर पालिकाका अनुसार यो कदमले बुटवललाई सुरक्षित, व्यवस्थित र आकर्षक सहरका रूपमा विकास गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

छाडा चौपायाका कारण पनि दुर्घटनाको जोखिम बढ्दै गएको भन्दै त्यसको व्यवस्थापनका लागि छुट्टै अभियान सञ्चालन गरिने तयारी गरिएको छ । उपमहानगरपालिकाले सबै पक्षको सहकार्य भएमा बुटवललाई नमुना सहर बनाउन सकिने विश्वास व्यक्त गरेको छ ।

शिक्षक आवश्यकता

यस शैक्षिक संस्थाको लागि तपसिल बमोजिमका पदमा शिक्षक आवश्यकता परेको हुनाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यथाशीघ्र निवेदन दिनुहुन आव्हान गरिएको छ ।

| क्र.स. | विषय | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | अंग्रेजी / नेपाली | पूर्व प्राथमिक तह | २ | सम्बन्धित विषयमा +2 उत्तीर्ण |
| २ | अंग्रेजी | प्रा. वि. शिक्षक | २ | सम्बन्धित विषयमा +2 उत्तीर्ण |
| ३ | विज्ञान | प्रा. वि. शिक्षक | २ | सम्बन्धित विषयमा +2 उत्तीर्ण |
| ४. | अंग्रेजी | नि. मा. वि. शिक्षक | २ | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण |

अनुभवी र योग्यता पुगेकालाई प्राथमिकता दिइने ।

दरखास्त दिने अन्तिम मितिः २०८३ वैशाख ६ गते विद्यालय समयमा

आवश्यक कागजातहरुः दरखास्त पत्र, व्यक्तिवृत (CV) शैक्षिक प्रमाण पत्र, नेपाली नागरिकता र अनुभवको प्रमाणपत्र

दरखास्त दिनुपर्ने ठेगानाः सिद्धपाइला इङ्गलिस मिडियम सेकेन्डरी स्कूल वीरेन्द्रनगर-१०, शान्तिनगर, सुर्खेत

इमेलः siddhapailaschoolsurkhet@gmail.com

फोन नं.: ०८३-५२३२९०, ९८४८०५०८८६, ९८४८०५०८८२

Siddhapaila English Medium Secondary School
+2 Law, Management & Hotel Management
Birendranagar-10, Shantinagar, Surkhet
Phone No.: 083-523290, 9848050886, 9848050882
Email: siddhapailaschoolsurkhet@gmail.com Website: www.spems.edu.np

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# करोडौँको संरचना अलपत्र

काँक्रेविहार संवाददाता
बैतडी, ४ वैशाख



बैतडी जिल्लामा करोडौँ रुपैयाँ खर्च गरेर निर्माण गरिएका सरकारी भवन तथा संरचनाहरू प्रयोगविहीन अवस्थामा अलपत्र परेका छन् । विभिन्न स्थानमा बनेका सब (इलाका सेवा) सेन्टर, मनोरञ्जन पार्क, सामुदायिक भवन, स्मृति भवन तथा चिस्यान केन्द्रहरू उपयोगमा नआउँदा जीर्ण बन्दै गएका छन् ।

कृषि तथा पशु सेवा प्रवाहका लागि निर्माण गरिएका गाँजरी, मेलौली र पुर्चौडीका सब सेन्टर भवनहरू लामो समयदेखि प्रयोगविहीन छन् । यस्तै, पाटन नगरपालिका-स्थित हिरापुर मनोरञ्जन पार्कका संरचना पनि सञ्चालनमा आउन नसकी अलपत्र अवस्थामा छन् ।

सिगास गाउँपालिका-२, गाँजरीस्थित अर्जुन माविको आठ कोठे भवन पनि प्रयोगमा नआउँदा जीर्ण बनेको छ । ठेकेदारले भवन निर्माण सम्पन्न गरे पनि विद्यालयलाई हस्तान्तरण नभएकाले भवन उपयोगविहीन भएको जिल्ला समन्वय समितिका सदस्य प्रेम भाटले बताए ।

जिल्ला समन्वय समितिका प्रमुख खगेन्द्रसिंह धामीका अनुसार अलपत्र संरचनाबारे प्रदेश सरकारलाई जानकारी गराइए पनि कुनै ठोस पहल भएको छैन । उनले बजेट सक्ने उद्देश्यले मात्र निर्माण गरिएका भवनहरू प्रयोगमा नआएको बताए । त्यस्तै, पाटन नगरपालिका-९, ज्याफुमा निर्माण गरिएको १० सटरको चिस्यान केन्द्र पनि वर्षौंदेखि सञ्चालनमा आउन सकेको छैन ।

खोड्पे क्षेत्रमा दुई वटा चिस्यान केन्द्र र एउटा तरकारी सङ्कलन केन्द्र पनि अलपत्र अवस्थामा रहेको पाटन नगरपालिका-८ का वडाध्यक्ष हरिश विष्टले जानकारी दिए । जिल्ला समन्वय समितिले पाटन, सिगास, मेलौली, पुर्चौडी र सुर्नया गाउँपालिकासहित विभिन्न स्थानीय तहमा अनुगमन गरी अलपत्र संरचनाबारे प्रतिवेदन प्रदेश सरकारलाई बुझाइसकेको छ ।

तर अहिलेसम्म कुनै सुनुवाइ नभएको समितिले जनाएको छ । प्रारम्भिक तथ्याङ्कअनुसार जिल्लाका १० वटै स्थानीय तहमा ५० भन्दा बढी भौतिक संरचना करोडौँ रुपैयाँ खर्चिएर निर्माण भए पनि प्रयोगविहीन अवस्थामा रहेका छन् । अधिकांश संरचना उपभोक्ता समितिमार्फत निर्माण गरिएका कारण व्यवस्थापन र सञ्चालनमा समस्या देखिएको अनुगमन टोलीले जनाएको छ । जिल्ला समन्वय समितिले ती संरचनाको उचित उपयोगका लागि थप पहल भइरहेको जनाएको छ ।

# चलचित्र कार्यशाला सुरू हुने कलाकार उत्पादनमा टेवा

काँक्रेविहार संवाददाता
सुर्खेत, ४ वैशाख




कर्णाली प्रदेशको मौलिक कला, संस्कृति र स्थानीय कथालाई चलचित्रमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने उद्देश्यले 'चौथो कर्णाली चलचित्र कार्यशाला' आयोजना हुने भएको छ । केवी इन्टरटेनमेन्ट प्रालिको आयोजनामा आगामी वैशाख ८ देखि १३ गतेसम्म प्रदेश राजधानी वीरेन्द्रनगरमा कार्यशाला सञ्चालन गरिने छ । अघिल्ला तीन संस्करणको सफलतापछि यसपटक कार्यशाला अझ परिष्कृत रूपमा पटकथा (स्क्रिप्ट) लेखन र चलचित्र निर्माण प्रक्रियामा केन्द्रित रहने आयोजकले जनाएको छ ।

नेपाली चलचित्र क्षेत्रका अनुभवी व्यक्तित्वहरूको सहभागिताले कार्यशालालाई थप स्तरीय बनाउने अपेक्षा गरिएको छ । कार्यशालामा विशिष्ट अभिनेता तथा निर्देशक दिनेश डीसीको 'मास्टर क्लास' मुख्य आकर्षण रहनेछ। त्यस्तै, चर्चित लेखक तथा निर्देशक शिवम अधिकारीले पटकथा लेखन सम्बन्धी विशेष कक्षा सञ्चालन गर्नेछन् । छायाँकारमा निरज कँडेलले छायाङ्कनका प्राविधिक तथा प्रयोगात्मक सीप सिकाउनेछन् भने फिल्म सम्पादक रूपेश मिजारले आधुनिक सम्पादन प्रविधिबारे प्रशिक्षण दिनेछन् । कर्णालीका १० वटै जिल्लाबाट छनोट भएका २५ जना प्रशिक्षार्थीहरूको सहभागिता रहने यस कार्यशालामा सिकाइसँगै व्यवहारिक अभ्यास पनि गराइनेछ । प्रशिक्षण अवधिमा सहभागीहरूले तीन वटा वृत्तचित्र (डकुमेन्ट्री) र दुई वटा लघु चलचित्र (सर्ट फिल्म) निर्माण गर्ने कार्यक्रम रहेको छ ।आयोजक संस्थाका अध्यक्ष भूपेन्द्रकुमार खड्काका अनुसार यसले कर्णालीमा नयाँ पुस्ताका प्राविधिक तथा कलाकार उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

चलचित्र विकास बोर्डको सहकार्य र कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको सहयोगमा आयोजना हुन लागेको यो कार्यशालाले कर्णालीलाई 'फिल्म सुटिङ डेस्टिनेसन' का रूपमा स्थापित गर्न समेत मद्दत गर्ने अपेक्षा गरिएको छ । भौगोलिक विकटताका बीच लुकेका स्थानीय कथा र दृश्यलाई सिनेमाको माध्यमबाट उजागर गर्दै कर्णालीको सांस्कृतिक पर्यटनमा नयाँ आयाम थपिने विश्वास लिइएको छ ।

# 'लालीबजार मेरो हृदयको नजिक'

काँक्रेविहार संवाददाता
काठमाडौं, ४ वैशाख




अभिनेत्री स्वस्तिमा खड्काले आगामी फिल्म 'लालीबजार'लाई आफ्नो करिअरकै विशेष रूपमा लिएकी छन् । फिल्मबारे शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यो फिल्मलाई जीवनभर सम्झिरहने बताइन् ।

उनले भनिन्, 'मेरा लागि यो फिल्म निकै विशेष हुन्छ । धेरै वर्षपछि फर्केर हेर्दा पनि म यसलाई सधैं सम्झिरहन्छु । नतिजा जे आए पनि, यो मेरो लागि स्पेसल मोमेन्ट हो ।'

'लालीबजार'मा स्वस्तिमाले पश्चिम तराईको सीमान्तकृत वादी समुदायकी महिलाको भूमिका निर्वाह गरेकी छन् । फिल्मले आमा र छोरीबीचको सम्बन्ध, संघर्ष र सामाजिक यथार्थलाई केन्द्रमा राखेको छ । विशेषगरी साहुको शोषणविरुद्ध एक आमाले छोरीका लागि गर्ने संघर्षलाई फिल्मले मार्मिक ढंगले प्रस्तुत गर्छ ।

आमाको मुख हेर्ने दिनको अवसरमा सार्वजनिक गरिएको ट्रेलरले पनि यही भावनालाई समेटेको छ । करिब तीन मिनेट लामो ट्रेलरले कथा, चरित्र र केन्द्रीय द्वन्द्वलाई स्पष्ट संकेत गर्छ । ट्रेलर हेर्दा फिल्म भावनात्मक र सामाजिक सन्देश बोकेको देखिन्छ ।

स्वस्तिमा भन्छिन्, 'हामीले धेरै पारिवारिक कथा भनिसकेका छौं, तर यो फिल्मको पृष्ठभूमि फरक छ । वादी समुदायको सेटअपमा आमा-छोरीको कथा देखाउँदा दर्शकलाई नयाँ अनुभव हुन सक्छ ।'

उनले फिल्म निर्माण टिमको काम गर्ने शैलीको पनि प्रशंसा गरिन् । 'षट्कोण आर्ट्सले आफूलाई कमर्सियल र क्रिटिकल दुवै हिसाबले प्रमाणित गरिसकेको टिम हो । उहाँहरूसँग काम गर्दा धेरै सिक्ने मौका पाएँ,' उनले भनिन् ।

निर्देशक तथा लेखक यम थापाले वादी समुदायका महिलाले भोग्दै आएको श्रम र यौन शोषणलाई फिल्ममा चित्रण गरेका छन् । समाजमा जरा गाडेर बसेको सामन्ती र पितृसत्तात्मक सोचविरुद्धको आवाज फिल्मको मुख्य स्वर हो ।

फिल्ममा नत्थी प्रथामार्फत हुने शोषण र त्यसविरुद्ध एक आमाले गर्ने प्रतिरोधलाई कथा बनाइएको छ । रवीन्द्रसिंह बानियाँले साहुको भूमिकामा अभिनय गरेका छन् ।

निर्माता म्याक्स दिपेश खत्रीका अनुसार स्वस्तिमाको अभिनयले दर्शकलाई गहिरो प्रभाव पार्नेछ । 'उहाँले सामाजिक कथा र पात्रमा निरन्तर काम गरिरहनुभएको छ । यस फिल्ममा उहाँको बहुआयामिक अभिनय देख्न पाइन्छ', उनले भने ।

फिल्ममा मुकुन्द श्रेष्ठ, विशाल देवकोटा, प्रशंसा सुवेदी, समाइरा थापा र अभय बराल लगायत कलाकारको पनि अभिनय छ । 'टलकजंग भर्सेस टुल्के', 'जात्रा' श्रृंखला र 'महापुरुष' निर्माण गरेको षट्कोण आर्ट्सको ब्यानरमा बनेको यो फिल्म आगामी बैशाख १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

पत्रकार सम्मेलनको अन्त्यतिर स्वस्तिमाले दर्शकलाई सम्बोधन गर्दै भनिन्, 'ह्याप्पी मदर्स डे । बैशाख १८ मा हलमा भेटौंला ।"

# प्रतिनिधि सभामा १० र २ संयुक्त समितिले पाए सभापति

काँक्रेविहार संवाददाता
काठमाडौं, ४ वैशाख



सङ्घीय संसद् अन्तर्गतको प्रतिनिधि सभामा १० विषयगत समिति र दुई संयुक्त समितिले शुक्रबार सभापति पाएका छन् ।

प्रतिनिधि सभामा ९ र संयुक्त १ समितिमा सभापति निर्विरोध भए । प्रतिनिधि सभाको एउटा र संयुक्त एउटा समितिमा भने निर्वाचनबाट सभापति छानिए ।

सबै समितिका शुक्रबार बसेका बैठकमा सभापति छानिएका हुन् । प्रतिनिधि सभाका कानुन न्याय तथा मानवअधिकार समिति सभापतिमा समीक्षा बास्कोटा, कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिको सभापतिमा अशोक चौधरी, पूर्वाधार विकास समिति सभापतिमा आशिष गजुरेल, महिला तथा सामाजिक मामिला समिति सभापतिमा आकृति अवस्थी, राज्य व्यवस्था तथा सुशासन समिति सभापतिमा हरि ढकाल, सार्वजनिक लेखा समिति सभापतिमा भरतबहादुर खड्का, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति सभापतिमा सुम्नीमा उदास, अर्थ समिति सभापतिमा कृष्णहरि बुढाथोकी र उद्योग समिति सभापतिमा रहवर अन्सारी निर्विरोध भए ।

प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त संसदीय सुनुवाइ समितिमा बोधनारायण श्रेष्ठ निर्विरोध भए । निर्विरोध भएकामध्ये सार्वजनिक लेखा समितिका सभापति खड्काबाहेक सबै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हुन् ।

प्रतिनिधि सभाको एउटा र संयुक्त एउटा समितिमा भने निर्वाचनबाट सभापति छानिए । प्रतिनिधि सभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा रास्वपाकी सांसद डा. ओजस्वी शेरचन र एमालेका गुरु बरालबिच प्रतिस्पर्धा हुँदा शेरचन निर्वाचित भइन् ।

संयुक्त राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको सभापतिमा रास्वपाका गणेश कार्की र नेपाली कम्युनिस्ट पार्टीकी मदन कुमारी शाह (गरिमा)बिच प्रतिस्पर्धा भयो । कार्की निर्वाचित भए ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)